

## अका

# कदम के हो ?

### 1. स्कूल सुरु हुने समयमा:

परिवार सम्बन्धका लागि तपाइँको बच्चाको शिक्षकलाई भेट्नुहोस् । यो एकअर्कालाई जान्ने ठूलो अवसर हो ।

+ यदि तपाइँको बच्चा प्रिस्कूल वा बच्चा स्याहारमा जान्छ भने, तपाइँले प्रार म्भिक सिकाइ प्रदायकबाट प्राप्त गरेको जानकारी साझा गर्नेबारे विचार गर्नुहोस् ।

+ यसका साथै आफ्नो बच्चाको बारेमा आफूसँग भएको मूल्याङ्कन जानकारीलाई पनि साझा गर्ने बारे विचार गर्नुहोस् ।

### 2. द्धा नोभेम्बर लागे पछि :

आफ्नो बच्चाको शिक्षकलाई तपाइँको बच्चाको बारेमा वाकिड्स WaKIDS प्रक्रियाबाट के सिकेको छ भनेर सोध्नुहोस् ।

शिक्षकलाई निम्न प्रकारका प्रश्नहरू सोध्नुहोस् :

+ मेरो बच्चाले राम्रो गर्न सक्छ भनी तपाइँले के जान्नु भयो ?

+ कक्षाकोठामा भइरहेको कार्यलाई सहयोग गर्नको लागि मद्दत गर्न म घरमा के गर्न सक्छु ?

## स्रोतहरू :

वाकिड्स (WaKIDS)को वेबसाइट

www.k12.wa.us/WaKIDS

परिवार सम्बन्ध वार्तालाप मार्गदर्शनका लागि “इन्ट्रोड्युसिङ मि (मेरो परिचय)” पुस्तिका

https://bit.ly/2HH88Sk

वासिङ्टन राज्य प्रारम्भिक सिकाइ र विकास मार्गदर्शनहरू जन्मदेखि तेस्रो ग्रेडसम्म

https://bit.ly/39RcMt0

प्रवेशी किन्डरगार्टन वालाहरूमा सामान्यतया पाइने र वाकिड्स(WaKIDS)द्वारा मापन गरिने विशेषताहरू

https://bit.ly/3bTsCFk

वाकिड्स (WaKIDS) र वासिङ्टन राज्यका मापदण्डहरू

https://bit.ly/2SPNshw

---

Washington State Department of Children, Youth, and Families

WaKIDS | Washington Kindergarten Inventory of Developing Skills

360-725-6161

## यहाँ तपाइँको बच्चाको उज्ज्वल भविष्यका लागि।

आफ्नो बच्चाको लागि किन्डर गार्टन *महान अनुभव* बनाउनका लागि हामीसँग काम गर्न भएकोमा तपाइँलाई धन्यवाद !

2013
13-0032



# किन्डरगार्टन प्रवेश

तपाइँ र तपाइँको बच्चाको निमित्त एउटा ठूलो कोशेढुङ्गा हो !

## त्यसैले तपाइँलाइ

...तपाइँको बच्चाको स्कूलमा *पारगमन* हुन र *सफल* हुन निर्माण गरिएको कार्यक्रममा सहभागी हुन **आमन्त्रित** गरिन्छ ।

---

वाकिड्स **WaKIDS** को रोमान्चमा स्वागत छ



**के :** वाकिड्स WaKIDS

**कहिले :** तपाईंको बच्चा किन्डरगार्टन प्रवेश गर्दा ।

**कहाँ :** तपाईंको बच्चाको नयाँ स्कूलमा ।

**किन :** किनभने हामीले सहकार्य गरेर, जीवनपर्यन्त सिकाइको सबैभन्दा राम्रो सम्भावित सुरुवात सिर्जना गर्न सक्छौँ ।



# WaKIDS

## वाकिड्स के हो ?

वासिङ्गटन किन्डरगार्टन इन्भेन्टरी अफ डेभलपिङ स्किल्स वा वाकिड्स WaKIDS — त्यस्तो प्रक्रिया हो जसले :

- विद्यार्थीहरू र उनीहरूका परिवारहरूलाई किन्डरगार्टनमा स्वागत गर्दछ ।
- विद्यार्थीहरूको सबलताको मूल्याङ्कन गर्दछ ।
- विद्यार्थीहरूलाई स्कूलमा सफल हुन सक्षम बनाउन बच्चाहरूको विकास र सिकाइबारे छलफल गर्दछ ।

तपाईंको बच्चाको बारेमा तपाईंले भन्दा राम्ररी अरुले जान्दैनन् । तपाईं समूहको महत्वपूर्ण सदस्य हुनुहुन्छ जसले आफ्नो बच्चाको सिकाइलाई सहयोग गर्न मद्दत गर्नका साथै किन्डरगार्टनमा पारगमन हुँदा सम्भव भएसम्म सरल बनाउनुहुन्छ ।



# WaKIDS | Washington Kindergarten Inventory of Developing Skills

## सफलताको लागि माग:

### परिवारसँगका सम्बन्ध

तपाईंको बच्चालाई जान्नका लागि परिवारहरू र शिक्षकहरूको साझेदारी ।

### बच्चाको सम्पूण मूल्याङ्कन

शिक्षकहरूले बच्चाहरूको सबलता पहिचान गर्ने जसले गर्दा त्यहाँ सहयोग गर्न सकियोस् जहाँ सहयोगको सबै भन्दा धेरै आवश्यकता छ ।

### प्रारम्भिक सिकाइ सहकाय

किन्डरगार्टन शिक्षकहरू तथा प्रारम्भिक सिकाइ प्रदायकहरूले बच्चाहरूकाई सफल हुन मद्दत गर्नका लागि जानकारी साझा गर्दछन् ।

### नतिजा

स्कूलमा तपाईंको बच्चाको सफलताका लागि मार्गको निर्माण गर्ने ।